निर्णयः-

१. आजको बैठकमा सरकारी आश्वासन अध्ययन उपसमितिका संयोजक मा.श्री बलराम प्रसाद बाँस्कोटाले आधार र कारण सहित उपसमितिको म्याद थपका लागि अनुरोध गर्नुभयो। उक्त अनुरोध सम्बन्धमा समितिमा छलफल गर्दा उक्त उपसमितिलाई साविकको कार्यक्षेत्रमा अध्ययन गरी प्रतिवेदन पेश गर्न गुज्रेको म्याद समेत समितिबाट अनुमोदन हुने गरी २०७५ माघ मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो।

२. आजको बैठकमा सर्वोच्च बार एसोसिएसनसँग सहकार्य गर्ने सम्बन्धमा छलफल गर्दा सर्वोच्च बार र समितिको छलफलबाट समितिलाई प्राप्त भएको परिमार्जित मस्यौदा स्वीकृत गर्ने निर्णय गरियो। साथै सर्वोच्च बार र समिति बीच हुने सहकार्यको लागि आवश्यक प्रक्रिया अगाडि बढाउन समिति सचिवालयलाई निर्देशन दिने तथा प्रक्रिया पूरा भएपछि सर्वोच्च बार एशोसिएसनसँग समझदारी पत्रमा हस्ताक्षर गर्ने निर्णय गरियो।

३. आजको बैठकमा जग्गा कित्ताकाट सम्बन्धमा छलफल गर्दा नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले कृषि योग्य जग्गाको खण्डिकरण सम्बन्धमा निर्देशन जारी गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव, संघीय संसदका समितिहरुको निर्देशन र राष्ट्रिय सतर्कता केन्द्रको ध्यानाकर्षण तथा जनप्रतिनिधिहरुको सुझाव समेतलाई आधार मानी निर्देशन जारी गरिएको भनि उक्त मन्त्रालयबाट मिति २०७५/९/२७ मा जारी गरिएको निर्देशनमा उल्लेख भएको देखिएकोले उक्त आधारहरुको प्रमाणित प्रतिलिपि तथा उक्त मितिमा जारी भएको निर्देशनको प्रमाणित प्रतिलिपि र समिति सचिवालयको च.नं.७० मिति २०७५/१०/०१ को पत्रबाट माग गरिएको जवाफ बुँदागत रुपमा उल्लेख गरी ७(सात)दिनभित्र समिति सचिवालयमा पठाइदिन नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई पत्राचार गर्ने निर्णय गरियो।

४. अन्त्यमा, सभापतिज्यूले बैठकमा उपस्थित समितिका मा.सदस्यहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो र समितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित गर्नु भयो।